आज मिति २०७९ साल चैत्र २३ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | निकाय | दस्तखत |
|---|---|---|---|---|
| अध्यक्षताः | | | | |
| १ | श्री रोशनी कुमारी श्रेष्ठ | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| उपस्थितिः | | | | |
| १ | श्री हरिहर शर्मा | सचिव | नेपाली कांग्रेस | |
| २ | | | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| ३ | राजिव घिमिरे | संयोजक | नेकपा (माओवादी केन्द्र) | |
| ४ | | | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| ५ | विष्णु प्रसाद सापकोटा | सचिव | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ६ | | | जनता समाजवादी पार्टी नेपाल | |
| ७ | श्री लाल बहादुर थापा | संयोजक | नेकपा (एकीकृत समाजवादी) | |
| ८ | श्री भिमलाल पोखरेल | सचिव | राष्ट्रिय जनमोर्चा | |
| ९ | एक बहादुर (के सी) | | नेपाल समाजवादी पार्टी | |
| १० | | | | |
| ११ | श्री भरत शर्मा | नगर प्रमुख | गल्कोट नगरपालिका | |
| १२ | श्री नर बहादुर पुन | नगर प्रमुख | जैमिनी नगरपालिका | |
| १३ | गण्डकी थापा अधिकारी | अध्यक्ष | बडिगाड गाउँपालिका | |
| १४ | | | निसीखोला गाउँपालिका | |
| १५ | श्री राजु खड्का | नगर उपप्रमुख | बागलुङ नगरपालिका | |
| १६ | | | ताराखोला गाउँपालिका | |
| १७ | | | तमानखोला गाउँपालिका | |
| १८ | | | ढोरपाटन नगरपालिका | |
| १९ | श्री राजु थापा | अध्यक्ष | काठेखोला गाउँपालिका | |
| २० | | | बरेङ गाउँपालिका | |
| | | | | |
| २१ | श्री चित्राङ्गत बराल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, बागलुङ | |
| २२ | श्री कृष्णराज गौतम | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | |
| २३ | श्री दुर्गा बहादुर थापा | प्रमुख सेनानी | श्रीमेहर गण घोडाबाँधे व्यारेक, बागलुङ | |
| २४ | श्री योगेन्द्र कुमार खड्का | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, बागलुङ | |

| क्र.सं. | नाम | पद | निकाय | दस्तखत |
|---|---|---|---|---|
| २५ | श्री कृष्ण कुमार श्रेष्ठ | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, बागलुङ |  |
| २६ | श्री विजय किशोर कार्की | ब.अ.स. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बागलुङ |  |
| २७ | श्री बिना चाकतु |  | सघन सहरी तथा भवन निर्माण आयोजना |  |
| २८ | श्री सुजित पौडेल | नि.का.प्र. | प्रधानमन्त्री कृषि आ.प.का.इकाई |  |
| २९ | डा. अभिषेक वाग्ले | नि.मे.सु. | धौलागिरी अस्पताल |  |
| ३० | श्री लक्ष्मी शर्मा | नि.का.प्र. | स्वास्थ्य कार्यालय |  |
| ३१ | श्री बलिराज मल्ल | डि.प्रमुख | सडक डिभिजन |  |
| ३२ | श्री कुश्मराज उपाध्याय | इकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई |  |
| ३३ | श्री तुलसी बस्नेत | डि.प्रमुख | खानेपानी तथा सरसफाई डिभिजन का. |  |
| ३४ | श्री सफल शर्मा | अधिकृत | जलस्रोत तथा सिञ्चाई विकास डि.का. |  |
| ३५ | श्री नारायणदत्त भण्डारी | आ.प्रमुख | पुष्पलाल (मध्यपहाडी) राजमार्ग |  |
| ३६ | श्री पारसिङ थापा मगर | का.प्र. | यातायात व्यवस्था कार्यालय |  |
| ३७ | डा. ऋषिराम सापकोटा ~~श्री केशव शर्मा~~ | का.प्र. | भेटेरिनरी अस्पताल तथा पशु सेवा वि.के. |  |
| ३८ | श्री रोशन थापा | प्र.नि. | गण्डकी प्रदेश विपद् व्यवस्थापन गुल्म |  |
| ३९ | श्री गुमादेवी शर्मा | का.प्र. | पर्यटन तथा उद्योग कार्यालय |  |
| ४० | मुकुन्द प्रसाद अधिकारी | डि.व.अ. | डिभिजन वन कार्यालय, बागलुङ |  |
| ४१ | श्री चन्द्र बहादुर पुन | नि.का.प्र. | पूर्वाधार विकास कार्यालय |  |
| ४२ | श्री डम्मर बहादुर जि.सी. | का.प्र. | सामाजिक विकास कार्यालय |  |
| ४३ | श्री दिलिप मरासिनी | का.प्र. | नेपाल विद्युत प्राधिकरण बागलुङ |  |
| ४४ | श्री केशव शर्मा | का.प्र. | नेपाल टेलिकम |  |
| ४५ | श्री नरेश कंडेल | अध्यक्ष | बागलुङ उद्योग बाणिज्य संघ |  |
| ४६ | श्री मुक्तिराम सापकोटा | अध्यक्ष | गैरसरकारी संस्था महासंघ |  |
| ४७ | श्री तेज बहादुर कुँवर (सन्तोष) | सचिव | चेम्बर अफ कमर्स |  |
| ४८ |  |  | नेपाल रेडक्रस सोसाइटी जि.शाखा बागलुङ |  |
| ४९ | श्री नविन शिशिर वि.क. | का.वा.अध्यक्ष | नेपाल पत्रकार महासंघ, बागलुङ |  |
| ५० | डी. सोम ब. कुमाल | प्र.स.नि. | महिला बा.तथा जे.ना.के. कार्यालय |  |
| ५१ | टेक प्रसाद कुँवर | सब-ई. | सहरी विकास का.लुं. |  |
| ५२ | तेजप्रसाद तिउरे | अधिकृत | धौलागिरी अस्पताल बागलुङ |  |

| क्र.सं. | नाम | पद | निकाय | दस्तखत |
|---|---|---|---|---|
| ५३ | लक्ष्मी देवी जोशी | अध्यक्ष | नि. आ. संगठन नेपाल | [signature] |
| ५४ | पिडालो जि. लो | सचिव | अन्तर पार्टी महिला सं. | [signature] |
| ५५ | तेज राज गौतम | नायु | जिल्ला प्रशासन का | [signature] |
| ५६ | टिकाराम तिमिल्सिना | प्र. ब. ई. | DEOC बागलुङ | [signature] |
| ५७ | दुर्गा ब. खत्री | प्रा. पु. स. ४ | —— . —— | [signature] |
| ५८ | | | | |
| ५९ | | | | |
| ६० | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## मिति २०७९।१२।२३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति, बागलुङको वैठकको निर्णयहरु

१. पूर्व बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा २(ट) मा व्यवस्था भए अनुसार सबै स्थानीय तहमा स्थानीय आपतकालीन सञ्चालन केन्द्र (Local Emergency Operation Center–LEOC) स्थापना गर्ने। जिल्ला आपतकालीन सञ्चालन केन्द्र (District Emergency Operation Center –DEOC) सँग सम्पर्क र समन्वयमा रही सबै किसिमका विपद् पूर्व, विपद्को अवस्था र विपद् पश्चातका सूचना संप्रेषणलाई प्रभावकारी बनाई धनजनको क्षतिलाई कम गर्न सहज व्यवस्थापन गर्ने गराउने ।

३. जिल्ला भित्र सञ्चालन हुने सबै किसिमका विकास निर्माणको काम गर्दा र नदिजन्य एवं अन्य प्राकृतिक पदार्थहरुको उत्खनन् र उपयोग गर्दा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण हुनेगरी व्यवस्था मिलाउने।

४. विपद्को तत्काल सम्बोधन गर्न प्रत्येक स्थानीय तहमा विज्ञ सहितको तत्काल उद्धार/प्रतिकार्य समूह (Quick Response Team: QRT) गठन गर्ने गराउने निर्णय गरियो।

५. मनसुन सक्रिय भई जिल्ला भित्र बाढी, पहिरो एवम् चट्याङ पर्न सक्ने सम्भावनालाई मध्यनजर गरी सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा तयारीका साथ रहने एवं मनसुन प्रतिकार्य योजना, २०७९ अनुसार आ-आफ्नो भूमिकालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी गराई कम क्षति हुने परिस्थितीको सृजना गर्न सक्रिय रहन निम्न कार्यहरु गर्ने निर्णय गरियो।

(क) उद्दारका लागि उपकरण, राहत सामाग्री, सुरक्षित क्षेत्रको प्रबन्ध, जनशक्तिको तयारी लगायतका प्रबन्ध गर्ने ।

(ख) स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट (रकम) को प्रबन्ध गर्ने।

(ग) राजमार्ग र सहायक मार्गमा पर्ने सबै स्थानीय तहहरुले राजमार्ग र स्थानीय मार्ग तथा अन्य स्थानमा रुख लडि बाटो अवरुद्ध भएमा तत्काल खुलाउन रुख तथा हाँगा विगा काट्ने प्रयोजनका लागि इन्धनबाट चल्ने काठ काट्ने मेसिन (Wood Cutter) खरिद गरी स्थानीय प्रहरी इकाईलाई उपलब्ध गराउने।

(घ) मनसुन सक्रिय अवधिभर बाढी, चट्याङ, डुवान र पहिरोका कारण जोखिमयुक्त स्थानहरुमा विशेष सावधानी अपनाउने।

(ङ) बाढी आएको समयमा नदी नालामा माछा मार्ने पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गर्ने।

७. मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र २०७८ अनुसार पुनर्निर्माण गर्नुपर्ने निजी आवासहरुको कार्यविधिमा उल्लेख भए अनुसारका कागजात सहित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सफ्टवयेरमा विवरण प्रविष्ट भई सिफारिससाथ आएका लाभग्राहीको खातामा जिल्ला प्रशासन कार्यालयले अनुदान रकम निकासा गरी आगामी वैठकमा अनुमोदनका लागि पेश गर्ने।

८. विपद् पीडित उद्धार र राहतसम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ अनुसार प्रमुख जिल्ला अधिकारीले राहत तथा उद्धार कार्य सञ्चालन गर्ने विशेष परिस्थिति र सो सँग सम्बन्धित अन्य अवस्थामा मापदण्डको दफा ३ उपदफा ३(ट) बमोजिम खर्च गर्न सक्ने गरी निर्णय गरियो।

९. विपद् पीडित उद्धार र राहतसम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ अनुसार जिल्ला प्रशासन कार्यालयबाट संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त यस आ.व.२०७९।८० मा एकमुष्ट विपद् पीडितलाई वितरण गरिएको राहत रकम रु. ११,३३,०००। अक्षेरुपी एघार लाख तेत्तीस हजार मात्र लाई अनुमोदन गर्ने निर्णय गरियो।

रोशनी कुमारी श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

१०. सुख्खा मौसम शुरु भएको अवस्था छ। सुख्खा मौसममा हुनसक्ने आगलागी र वन डढेलो हुन नदिन डिभिजन वन कार्यालय, बागलुङले स्थानीय तहसँग समन्वय गरी सचेतनाका कार्यक्रम र पूर्व तयारीका कार्य गर्ने गराउने। आगलागी र वनडढेलो भएमा तत्काल सूचना दिई सुरक्षा निकाय र सामुदायिक वन उपभोक्ता समूहहरु समेतको सहयोगमा निभाउने व्यवस्था मिलाउने र पीडितहरुको उद्धार र राहतको व्यवस्था मिलाउने निर्णय गरियो।

११. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनःस्थापनाका लागि ५० जना लाभग्राहीलाई पहिलो किस्ता बापतको प्रति लाभग्राही रकम रु. ५०,०००। का दरले बैंक मार्फत भुक्तानी दिईएको विवरण अनुमोदन गर्ने ताराखोला गाउँपालिकाको ७ जना लाभग्राहीको दोस्रो किस्ता भुक्तानीका लागि अनुमोदन गर्ने। निसीखोला गाउँपालिकाको १३ जना लाभग्राही जैमिनी नगरपालिकाको ८ जना लाभग्राहीको सिस्टममा अपडेट र कागजपत्र प्राप्त भए पश्चात भुक्तानी गर्ने निर्णय गरियो।

रोशनी कुमारी श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी